# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० फागुन २९ गते

## सुकुम्बासीहरूलाई मानव अधिकारसम्मत बसोबासको वैकल्पिक व्यवस्था गर

नेपाल सरकारले सुनसरी जिल्लाको बराहक्षेत्रदेखि मोरङ्ग जिल्लाको कैरोनसम्म फैलिएको नहरको छेउछाउमा बसोबास गर्दै आएका करिब ७० हजारको संख्यामा रहेका सुकुम्वासीहरूलाई बिना विकल्प उठाउन लागेकोले सुकुम्बासीहरूको बसोबासको अधिकार हनन् हुन लागेको र सो कार्यबाट आसन्न एसएलसी परीक्षाको तयारी गरिरहेका सुकुम्बासी बालबालिकाहरूमा मानसिक त्रास उत्पन्न भई शिक्षाको अधिकार प्राप्तिमा अवरोध आएकाले उक्त कार्य तत्काल रोकी उचित विकल्पको व्यवस्था पछिमात्र सो क्षेत्रबाट बस्ती उठाउन पहल गरिपाऊँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा अनुरोध भई आएको छ ।

वास्तविक सुकुम्बासीहरूको समस्या स्थायी रुपमा समाधान गर्न र बसिरहेको स्थानबाट उनीहरूलाई हटाउँदा मानव अधिकारसम्मत पर्याप्त वैकल्पिक व्यवस्था गरेर मात्र हटाउन यस आयोगले नेपाल सरकारको पटक पटक ध्यानाकर्षण गराएको छ ।

यस सन्दर्भमा सुकुम्बासी समस्या समाधानबारे विगतमा बनेका उच्चस्तरीय आयोगहरूका प्रतिवेदन एवम् आयोगबाट समय समयमा सरकारलाई गरेका सिफारिस तथा निर्देशनहरूलाई गम्भीरतापूर्वक लिदैं सो क्षेत्रका सुकुम्बासीहरूलाई मानव अधिकारसम्मत पर्याप्त बसोबासको वैकल्पिक व्यवस्था गरेरमात्र हटाउन र सुकुम्बासी विद्यार्थीहरूले भयरहित रूपले परीक्षाको तयारी गर्ने र परीक्षामा सहभागी हुन पाउने सहज वातावरण बनाउन आयोग सरकारसँग आग्रह गर्दछ ।

सुवर्ण कर्माचार्य
निमित्त सचिव